आज मिति २०७४ आषाढ २९ गते बिहिबार का दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा पाँचौ बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

**निर्णय नं. १ :-**

दक्षिणकाली नगरपालिकाको आ.व. २०७३/०७४ को असार मसान्तसम्मको बास्तविक एवं संसोधित र आगामी आ.व. ०७४/७५ को नगरपालिकाको अनुमानित आम्दानी तथा खर्च विवरण यसै साथ संलग्न (**अनुसची १** बमोजिम) नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-**

आ.व. २०७४/०७५ का लागि यस दक्षिणकाली नगरपालिकाको प्रत्येक वडामा वडा भेलाबाट समस्या तथा आवश्यकताको पहिचान गरि संकलित बस्ती तथा वडा स्तरीय योजनाहरु स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा उल्लेख भए बमोजिम आयोजना/कार्यक्रम प्राथमिकीकरणका आधारमा पूर्वाधार तथा लक्षित वर्ग तथा विषयगत क्षेत्रहरुलाई समेटने गरी वडा तथा नगर स्तरीय योजनाहरु छनोट गरि (**अनुसूची २ बमोजिम)** उल्लेखित योजनाहरुलाई नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

दक्षिणकाली नगरपालिकाको आगामी आ.व. २०७४/०७५ को लागि राजश्व परामर्श समितिको सिफारिसमा प्रस्तुत गरिएका (**अनुसूचि ३ बमोजिम**) कर तथा दस्तुरका दररेटहरु संशोधन सहित पारित गरी उक्त दररेट आगामी मिति २०७४ श्रावण १ गते देखि लागु गर्न र सो को कार्यान्वयन गर्नका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

आ.व. २०७४/०७५ का लागि यस दक्षिणकाली नगरपालिकाको प्रत्येक वडामा वडा भेलाबाट समस्या तथा आवश्यकताको पहिचान गरि छनोट भएका ठूला योजनाहरु नगरपालिकाको आन्तरिक आयश्रोतबाट संचालन हुन सम्भव नहुने भएकाले उक्त योजनाहरु राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयमा पेश गर्न (**अनुसूची ४ बमोजिम)** का योजनाहरु सम्बन्धित निकायहरुबाट तदानुसार बजेट विनियोजन गरा दिनका लागि नेपाल सरकारका सम्बन्धित केन्द्रीय निकाय एवं राष्ट्रिय योजना आयोगमा सिफारिस गर्न अनुरोध गर्नका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

यस दक्षिणकाली नगरपालिकालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्न प्रत्येक वडाहरुमा तथ्याङक संकलन गर्ने कार्य प्रारम्भ गरी जिल्ला समन्वय समितिको कार्यालय, क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय र दातृ निकायहरुसंग सहयोग र समन्वय गरी नगरपालिकाको समेत श्रोत परिचालन गरि कार्यक्रम संचालन गर्ने आगामी आ.व.सम्म यस नगरपालिकाकालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्नका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन भएका तथा संचालित हुने योजना र कार्यक्रमहरुको समग्र अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रयोजनका लागि स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरि सोहि कार्यविधिले र्निदिष्ट गरे बमोजिमका काम, कर्तव्य तथा अधिकार प्रदान गरि क्रियाशिल बनाउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

आगामी आ.व.मा संचालन हुने याजना तथा कार्यक्रमहरुको बाँडफाँड स्वीकृत गरी सा अनुसार कार्यक्रम कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने र केन्द्रीय स्तरबाट गर्नुपर्ने योजना समेत तत तत निकायमा सिफारिस गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

स्थानीय स्वायत्त शासन ऐन र नियम अनुसार नगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका सार्वजनिक मठ, मन्दिर, गुम्बा, मस्जिद, पाटो, पौवा, प्राचीन स्मारक, ताल, तलैया, पार्क, पर्ति जग्गा, सार्वजनिक जग्गा, देवालय तथा अन्य सार्वजनिक धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरुको अभिलेखाकरण गरि संरक्षण गन नगरपालिकाको भोग चलनमा रहेका सार्वजनिक सम्पत्तिको अभिलेख तयार पारी सबैलाई नगरपालिकाको मातहतमा ल्याउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-**

नगरपालिकाको केन्द्र कार्यालय र वडा कार्यालयहरुका लागि आवश्यक पूर्वाधारहरुका व्यवस्थापन एवं निमार्ण गर्न आवश्यक बजेट विनियोजन गन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :-**

यस नगरपालिकाको हाल संचालनमा रहेका ९ वटा वडा कार्यालयको प्रशासनिक कार्यको लागि मासिक रू. १५,०००।-(अक्षरुपी पन्ध्र हजार) मात्र सञ्चार सुविधा वडा सचिवको लागि रू. १,५००।- (अक्षरुपी एक हजार पाँच सय) र वडा अध्यक्षको लागि रू. २,५००।- (अक्षरुपी दुई हजार पाँच सय) बाँकी अतिथी सत्कार (चियापान) खर्च दिन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-**

नवनिर्वाचित जनप्रतिनिधिहरु, नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता वद्धि हुने खालका तालिम तथा अवलोकण भ्रमण कार्यक्रमहरु कार्यान्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-**

यस नगरपालिकाको आ.व. ०७३/०७४ को आन्तरिक र अन्तिम लेखा पराक्षण प्रतिवेदनको उपर छलफल गरि सो प्रतिवेदनले औंलाएका विषय र मार्ग निर्देशनलाई परिपालन गर्ने र बेरुजुहरुलाई तदारुकताका साथ फछ्यौटको प्रकृया अगाडी बढाउने निर्णय कार्यान्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-**

यस नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको भवन निर्माण गर्ने भएमा नक्सापास प्रयोजनार्थ लाग्ने शुल्क एक पटकको लागि छुट गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :-**

दक्षिणकाली नगरपालिकामा जनशक्तिलाई व्यवस्थापन गर्न करार/सेवा करारमा कार्यरत प्रशासनिक/प्राविधिक कर्मचारीहरुको सेवा करारका नियुक्ती र म्याद थपलाई अनुमोदन गर्दै सेवा करारमा कार्यरत प्रशासनिक, प्राविधिक कर्मचारीहरु एवं सवारी चालकको करार आगामी आ.व.को असार मसान्तसम्मको लागि म्याद थप गर्ने र करार सेवामा रहेका सबै कर्मचारीहरु आवश्यकता अनुसार थप हुने अन्य जनशक्तीलाई पनि सोहि बमोजिमको सेवालाई निरन्तरता दिन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :-**

यस नगरपालिकालाई हरित नगरपालिकाको सोचका साथ अगाडी बढाउन सरोकारबालासंगको सहकार्यलाई अगाडी बढाउन र खुल्ला दिशामुक्त नगरपालिका बनाउने कार्यलाई द्रुतगतिमा अगाडी बढाउन नगर स्तरीय सरसफाई तथा स्वच्छता समन्वय समिति M-WASH-CC लाई क्रियाशिल बनाउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :-**

यस दक्षिणकाली नगरपालिकाको प्रथम ऐतिहासिक नगर सभा सभ्यभव्य रुपमा सम्पन्न गरे वापत हाल नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई नगर सभा तयारी वापत प्रोत्साहन स्वरुप तलव स्केलको १ महिना बरावरको प्रोत्साहन खर्च प्रदान गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :-**

राजमार्ग, सहायक राजमार्ग, जिल्ला स्तरीय बाटो बाहेक अन्य नगरस्तरीय सडक तथा सहायक सडकहरुको मापदण्ड निर्धारण नगर यातायात गुरुयोजना मार्फत कार्यान्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :-**

सहरीकरणलाई व्यवस्थित र सुरक्षित गर्ने उद्देश्यले नेपाल सरकारले कार्यान्वयनमा ल्याएको राष्ट्रिय भवन संहिता, २०६० (National Building Code) लाई यस नगरपालिकामा आ.व. २०७४/०७५ मा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै यस नगरपालिका भित्र व्यवस्थित भवन निर्माणका लागि यस नगरपालिकाबाट स्वीकृत भवन निर्माण मापदण्ड, २०७२ - दक्षिणकाली नगरपालिका प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :-**

यस दक्षिणकाली नगरपालिकामा स्थायी कर्मचारीहरुको आ.व. २०७४/०७५ को वार्षिक तलवी प्रतिवेदन **अनुसूचि घ** पारित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :-**

दक्षिणकाली मन्दिर क्षेत्र तथा शेषनारायण लगायतका सबै धार्मिक क्षेत्रहरुलाई पर्यटकीय दृष्टिबाट पूर्ण बनाउने र नगरको सुन्दरता बढाउने उद्देश्यले नगरपालिकाको मातहतमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २१ :-**

दक्षिणकाली नगरपालिकाको **"कर्मचारी विनियमावली २०७१"** स्थानीय निकाय हुँदा बनि सकेको र यस विनियमलाई स्थानीय तह अनुसार समयानुकुल परिमार्जन गर्नको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :-**

दक्षिणकाली नगरलाई **"बालमैत्री नगर"** को रुपमा विकासित गर्न बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार सम्बन्धित दातृ निकायहरुको समेत सहयोग लिई बालमैत्री कार्यक्रमहरु संचालन गर्ने तथा बाल श्रम शोषण रहित नगरपालिका बनाउने निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :-**

दक्षिणकाली नगरपालिकाको यातायातलाई व्यवस्थित बनाउनको लागी वैकल्पिक सडकको रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :-**

दक्षिणकाली नगरलाई **"बालमैत्री नगर"** को रुपमा विकासित गर्न बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार सम्बन्धित दातृ निकायहरुको समेत सहयोग लिई बालमैत्री कार्यक्रमहरु संचालन गर्ने तथा बाल श्रम शोषण रहित नगरपालिका बनाउने निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :-**

खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने क्रममा चाल्नाखेल र सेतिदेवीको विच भागमा रहेको हात्तिवनको जंगलमा यात्रु तथा सर्वसाधारणहरुको सहजताको लागि चालु आ.व. २०७४/०७५ मा सार्वजनिक शौचालय निर्माण गर्न सम्बन्धित सरोकारवालाहरुसंग समन्वय तथा आवश्यक रकम विनियोजनको लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :-**

सवारी साधनको कर लिने शिलशिलामा नगरपालिका भित्र संचालनमा रहेको सवारी साधनहरुको कर असुल गर्नका लागि यस नगरपालिकामा उक्त कर नबुझाई यातायात व्यवस्था कार्यालयमा नविकरण गर्नजाने प्रबृत्ति देखिएकोले नगरपालिकामा बुझाउनु पर्ने सवारी साधनको कर नबुझाएमा उक्त सवारी साधनको नविकरण नगरी दिनुहुनको लागि यातायात व्यवस्था कार्यालयलाई अनुरोध गरी पठाउनको लागि नगर सभामा पश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :-**

बैंक तथा वित्तीय संस्थाहरु, सामुदायिक संघ-संस्था साना तथा ठूला उद्योग व्यवसायहरु, निजी क्लिनिक, अस्पताल पसल, निजी विद्यालयहरुले नियमानुसार यस नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने दर्ता तथा नविकरण शुल्क नबुझाएको देखिएकोले नगरपालिकाको सिफारिस विना सम्बन्धित कार्यालयमा दर्ता तथा नविकरण नगरी दिनुहुनको लागि सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, डिभिजन सहकारी कार्यालय, करदाता सेवा कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जन-स्वास्थ्य कार्यालयहरुलाई अनुरोध गरी पठाउनको लागि नगर सभामा पश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :-**

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा स्वीकृत दरवन्दी संख्या र पदहरु जम्मा ३३ जना स्वीकृत गर्ने निर्णय भएको र नगर सभाबाट स्वीकृत समेत भई सकेकोमा आगामी दिनमा नगरवासीहरुलाई ९ वटा वडा कार्यालयहरुबाट तत्काल सेवा सुविधा उपलब्ध गराउन आवश्यक देखिएकोले स्वीकृत देहायको दरवन्दी कम हुने भएकोले संगठन विकास (OD) गर्न मन्त्रालयसंग अनुमति माग भई स्वीकृत समेत भई सकेको सन्दर्भमा संगठनको ढांचा अनुरुप अद्यावधिक गरी स्तरोन्नती-मिलान गर्ने साथै आवश्यक बजेट विनियोजन गरी प्रकृया अगाडी बढाउनका लागि नगर सभामा पश गर्ने निर्णय गरिया ।

| स्वीकृत दरवन्दीहरु देहाय बमोजिम रहेका छन :- | | | |
|---|---|---|---|
| **क्र.सं.** | **पद** | **दरवन्दी संख्या** | **कैफियत** |
| १. | कार्यकारी अधिकृत (उपसचिव) | १ | |
| २. | लेखा अधिकृत | १ | |
| ३. | सिभिल इन्जिनियर | १ | |
| ४. | विल्डिङ एण्ड आर्किटेक्ट स्टक्चरल | १ | |
| ५. | वातावरण इन्जिनियर | १ | |
| ६. | सव-इन्जिनियर | २ | |
| ७. | सहायक पाचौं तह (ना.सु) | ३ | |
| ८. | सहायक चौथो (खरिदार) | १२ | |
| ९. | असिस्टेन्ट सव इन्जिनियर | १ | |
| १०. | सहायक चौथो तह (अमिन) | १ | |
| ११. | सवारी चालक | १ | |
| १२. | कार्यालय सहयोगी | ८ | |
| | **जम्मा दरवन्दी संख्या** | **३३** | |

**<u>निर्णय नं. २९ :-</u>**

नगरपालिका कार्यालयबाट हुने सेवा छिटो छरितो र सेवामुखी बनाउन कर्मचारीहरुको नियमित तथा समयमा नै उपस्थितीको लागी E- Attendance लाई प्रभावकारी गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३० :-</u>**

यस नगरपालिकाद्वारा विभिन्न वडाहरुमा संचालन भई सम्पन्न हुने सम्पूर्ण विकास निर्माण आयोजनाहरुको गुणस्तर मापन एवं प्रभाव मूल्याङ्कन गर्दै यस सम्बन्धमा भावि नीति तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले निम्नानुसारको योजना अनुगमन, जाँचपास तथा सुपरिवेक्षण समिति गठन गर्ने कार्यलाई निरन्तरता दिन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

संयोजक :-

सदस्य :-

सदस्य :-

सदस्य सचिव :-

**<u>निर्णय नं. ३१ :-</u>**

नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनमा सुधार गर्न एकिकृत फोहोर व्यवस्थापन योजनामा टोल बस्ती संगठन समेतको सहकार्यमा फोहार मैलाको दिगो व्यवस्थापन प्रक्रिया लागु गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३२ :-</u>**

विनाशकारी महाभूकम्प र त्यसपछिका पराकम्पनहरुमा यस नगरपालिका भित्रका निजी आवास र धार्मिक तथा पुरातात्वि सम्पदाहरुको पुनर्निर्माणको लागि राष्ट्रिय पुनर्निमाण प्राधिकरणसंग समन्वय गरि पुनर्निर्माण कार्यलाई तिव्रता दिईनेछ । भूकम्प पीडितहरुको लागि वितरण गरिएको पहिलो किस्ताको अनुदान रकम प्राप्त गर्ने लाभग्राहीहरुलाई तत्काल दोश्रो किस्ता उपलब्ध गराउनको लागि पहन गरिने र गुनासो व्यवस्थापनलाई समेत सम्बोधन गरिनेछ । तत्काल विपदको सामना गर्न विपद व्यवस्थापन कोष खडा भई सकेको हुँदा आगामी आ.व. २०७४/०७५ को लागि सो कोषमा आवश्यक रकम विनियोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३३ :-</u>**

आ.व. २०७३/०७४ को आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३४ :-</u>**

तेश्रो नगर परिषदसम्म खर्च भएका तथा स्थानीय तहको निर्वाचन हुनु अघिका सम्पूर्ण आम्दानी र खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै बजेट, नीति तथा कार्यक्रम संशोधन गर्नु परेमा सबै अधिकार नगर कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो । नगर कार्यपालिकाले हालसम्म गरेका वोर्ड बैठकबाट गरिएका निर्णयहरु सम्पूर्ण रुपमा अनुमोदनका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३५ :-</u>**

तपसिलमा उल्लेखित निर्देशिका, कार्यविधि तथा विनियमावली बनाई कार्यान्वयन गर्ने अधिकार नगरपालिका बोर्डलाई अधिकार दिन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क. एकिकृत सम्पत्ति कर निर्देशिका
ख. उपभोक्ता मार्फत विकास निर्माण संचालन गर्ने कार्यविधि

ग. टोल सुधार संस्था दर्ता र संचालन कार्यविधि
घ. आवश्यकता अनुसार अन्य कार्यविधि

**निर्णय नं. ३६ :-**

कृषि, शिक्षा, स्वास्थ्य लगायतका सबै विषयगत कार्यालय नगरपालिकाको मातहतमा रही आएको अवस्थामा आवश्यकता अनुसार कार्यक्रम संचालन गर्नको लागी रकम विनियोजन गर्ने अधिकार नगरपालिका बोर्डलाई दिने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७ :-**

दक्षिणकाली नगरपालिका कार्यालयको संगठन विकास ढांचा तयार गर्नका लागि परामर्शदाता नियुक्ति गर्ने तथा संगठन विकास सम्बन्धी कार्यविधि बनाउने अधिकार यस नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८ :-**

विकास निर्माण लगायत सम्पूर्ण काममा सबैको सक्रिय सहभागीता भए मात्र यसले गति लिन सक्छ । निरन्तर इमान्दार लगनशिल रुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसबाट उनीहरुमा अझ जोश र जांगरमा वृद्धि भई समग्र रुपमा नगरपालिकाकै काम कारवाहिमा सकरात्मक परिवर्तन आउने हुंदा आगामी आर्थिक वर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी एवं निर्माण व्यवसायी/उपभोक्ता समिति, महिला समुहहरु मध्येबाट पुरस्कार सिफारिस समितिको सिफारिस समेतका आधारमा कममा पनि १/१ जना व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने व्यवस्थाको थालनी गर्न आवश्यक बजेट व्यवस्था गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९ :-**

यस नगरपालिकाको देहायका कार्यक्रमहरुलाई सार्वजनिक निजी, साझेदारीको अवधारणा अनुसार संचालन गर्ने निर्णय गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।
क. फोहोर मैला व्यवस्थापन
ख. पार्किङ व्यवस्थापन
ग. पार्क निर्माण, व्यवस्थापन र संचालन
घ. सावजनिक शौचालय संचालन
ङ. खेलकुद

**निर्णय नं. ४० :-**

नगरपालिकाको जिन्सी निरीक्षण, जिन्सी लिलाम बिक्रो र मिन्हा गर्ने कार्यका लागी नगरपालिका बार्डलाई अधिकार प्रत्यायोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१ :-**

यस दक्षिणकाली नगरपालिकाको कार्यालयबाट सामाजिक सुरक्षा भत्ता रकम सनराईज बैंक लि./राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय फर्पिङबाट वितरण हुँदै आएकोमा उक्त कार्यलाई निरन्तरता दिन नगर सभामा पेश गर्ने निर्णय गरियो साथै घुम्ती सेवा प्रदान गर्न वडा कार्यालयमा गई भत्ता वितरण गर्ने व्यवस्थाको थालनी गर्न आवश्यक बजेटको व्यवस्था गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२ :-**

नगरको राजश्वको प्रमुख श्रोतको रुपमा रहेको घरजग्गा नक्सा पास, व्यवसायीक कर, घरबहाल कर, लगायतका कार्य प्रारम्भ गरी राजश्व असुलीमा प्रभावकारिता ल्याईनेछ र एकिकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका, २०७३ तयार पारी आगामी आ.व. २०७४/०७५ देखि एकिकृत सम्पत्ति कर लागु गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३ :-**

नगरपालिका भित्र फोहोरमैलाको क्षेत्रमा काम गर्न ईच्छुक रहेका निजी क्षेत्रका संस्थाहरुलाई आवश्यक प्रतिस्पर्धात्मक तवरले सेवा प्रवाह गर्न जिम्मेवार तुल्याउन, छिमेकी नगरपालिकाहरुसंगको सहकार्यमा छुट्टै ल्याण्डफिल साईडको निर्माण कार्यका लागि स्थान पहिचान गर्ने कार्य आगामी आ.व. भित्र गर्न शहरी स्वास्थ्यसगै जोडिएका व्यवस्थित पशु वधशाला, मासु विक्री केन्द्र, तरकारी हाट बजार जस्ता कार्यको लागि स्थान पहिचान गरी पूर्वाधार निर्माण गर्ने कार्य सरोकारवालाहरुसंगको सहकार्यमा अगाडी बढाउन कार्यविधि बनाई कार्यपालिकामा लागु गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४ :-**

नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न सेवाकालिन तालिमहरु संचालन गर्न राम्रो कार्य सम्पादन भएका स्वदेशकै अन्य नगरपालिकाहरुसंग अन्तरक्रिया र अवलोकन भ्रमण गराई थप क्षमता विकासको लागि र कर्मचारी कल्याण कोषलाई व्यवस्थित गराउन कर्मचारी कल्याण कोष संचालन कार्यविधि बनाउनका साथै कार्यरत कर्मचारीहरुको आचार संहिता तयार गरी लागु गरिने र दण्ड पुरस्कार सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५ :-**

यस दक्षिणकाली नगरपालिकाको मिति २०७३/०४/२७ मा सम्पन्न नगर सभाबाट भएका निर्णय एवं मिति २०७३ पौष २८ गते सम्म विभिन्न समयमा नगरपालिका बोर्ड बैठकबाट भएका नीतिगत निर्णयहरुलाई अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६ :-**

नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा बिहान १० बजे राष्ट्रिय गानको धुन बजाने व्यवस्था गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७ :-**

आयोजना व्यवस्थापन सेवा (कन्टिन्जेन्सी) खर्च सम्बन्धि व्यवस्थाको लागी कन्टिन्जेन्सी प्लान बनाई लागु गर्न नगर कार्यपालिकाको वोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।